# त्यागमय गृहस्थ जीवन

★

Dhamma.Digital

अनुवादक

भिक्षु चुन्द शास्त्री

प्रकाशक:

हीराबहादुर वज्राचार्य व परिवार

https://dhamma.digital

# त्यागमय गृहस्थ जीवन

अनुवादक

**भिक्षु चुन्द शास्त्री**

प्रकाशक:

**हीराबहादुर वज्राचार्य**

**सभापति**

**चूडाकर्म संघ तानसेन**

शीलबहादुर वज्राचार्य

चन्द्रबहादुर वज्राचार्य

आनन्द बहादुर वज्राचार्य

महेन्द्र बहादुर वज्राचार्य

https://dhamma.digital

प्रकाशक :
हीराबहादुर वज्राचार्य परिवार,
मखन टोल,
पाल्पा तानसेन, लु० अं०

प्रथम संस्करण १०००

बु० सं २५२२ नेः० सं० १०९८
वि० सं० २०३५

मुद्रक :
शाक्य प्रेस
ओम्‌वहाल टोल, काठमाडौं
फोन : १३६०४
https://dhamma.digital



**स्वर्गीय मानबहादुर वज्राचार्य**

जन्मः १९४९ बैशाख शुक्ल ८
दिवंगतः २०२८ जेष्ठ शुक्ल ४

https://dhamma.digital

https://dhamma.digital

## दुई शब्द

मेरो कांछा बुबा मेरा आफ्ना जीवनका अविस्मरणीय उपकारकहरू मध्येमा एक उपकारक व्यक्ति हुनुहुन्छ । सांच्चै भनौं भने वहांकै सद् प्रयासकै फलस्वरूप मैले बुद्ध-शासनमा प्रव्रजित जीवन बिताउन पाएकोछु ।

वि० सं० १९९७ सालको चैत्र महीनामा मेरो कांछा बुबा मानवहादुर वज्राचार्य आफ्ना भाईहरूको चूडाकर्म कार्यका लागि काठमाडौं पाल्नु भएका थिए । भाइहरूको कार्य पछि जब वहाँ तानसेन फर्कनु भएका थिए, मलाई पनि संगै लिएर जानु भयो । यस बेला देखि मेरो आफ्ना कांछा बुबा संग स्पष्ट र घनिष्ठ सम्वन्ध वढे ।

https://dhamma.digital

मलाई संझना भए सम्म वहां क्षमाशील स्वभाव सम्पन्न व्यक्ति हुनुहुन्छ। वहाँ कहीलै पनि एक कडा शब्द बोल्नु हुन्दैनथ्यो। पाठ–पूजा प्रेमी हुनुका साथै मधुर भाषी मेरा कांछा बुबा समाजको सरल व्यवहारको आकांक्षी पनि हुनु-हुन्थ्यो। सुदूर पहाडी भेगमा बस्ने बौद्धहरू चूडाकर्मका लागि काठमाडौंमा नै आउनु पर्दा पर्ने आर्थिक बोझ हटाउने विचार भएका सुधारवादी व्यक्तिहरू मध्येमा वहां पनि एक हुनुहुन्थ्यो। तानसेन चूडाकर्म गुठी संघको तृतीय आचार्य (थाय्पाजु) भएर वहाँले पनि उपत्यका बाहिर चूडाकर्म सम्पन्न गर्ने धार्मिक सुधार–कार्यमा भाग लिनु भएको थियो।

मेरो कांछा बुबाको बुद्ध–धर्म प्रचारमा ठूलो अभिरूचि छ। यसै कारण मेरो पिता तुल्य मेरा कांछा बुबाको स्मृतिमा आज यो सानो धर्म–पुस्तिका अनुदित गर्दैछु। मेरो यही प्रार्थना छ, यस धर्म ग्रन्थको प्रचार प्रसारको पुण्यानुभावद्वारा स्वर्गीय मेरा कांछा बुबा श्री मानबहादुर वज्राचार्यलाई जन्म, जरा, व्याधि र मरणबाट मुक्त भएको निर्वाण लाभार्थ पुण्य हेतु बनोस्। अस्तु !

२७/४/२०३५ —भिक्षु चुन्द शास्त्री

https://dhamma.digital

# त्यागमय गृहस्थ जीवन

यस्तो मैले सुनें ।

एक समय भगवान बुद्ध महान भिक्षु संघ साथ कोशलमा चारिका गर्नु भएका थिए ।

अनि भगवान बाटोबाट हटेर एक ठाउँमा मुसुक्क हाँस्नु भयो । आयुष्मान आनन्दलाई यस्तो लाग्यो 'के हेतु के प्रत्यय हो, भगवान मुसुक्क हाँस्नु भयो ? तथागत बिना कारण हाँस्नु हुन्न ।'' अनि आयुष्मान आनन्दले बांया कांधमा उत्तरासंग राखेर जहाँ भगवान हुनुहुन्थ्यो उतातिर हात जोडेर भगवान संग सोधे –

"भन्ते ! के हेतु के प्रत्यय हो भगवान मुसुक्क हांस्नु भएको ? भन्ते ! तथागत बिना कारण हाँस्नु हुन्न ।"

"आनन्द ! पूर्व कालमा यस प्रदेशमा समृद्ध, वर्द्धित, बहुजनाकीर्ण वेहलिंग भन्ने ग्राम–निगम थियो । वेहलिंग समीपै भगवान काश्यप अर्हत् सम्यक सम्बुद्ध बिहार गर्नु भएको थियो । आनन्द ! यहाँ भगवान अर्हत सम्यक्सम्बुद्ध विहार गर्नु भई भिक्षु महासंघलाई धर्मोपदेश गर्नु हुन्थ्यो ।" अनि आयुष्मान आनन्दले संघाटी चीवर पाट्याएर आसन बिछाइकन भगवान बुद्ध संग प्रार्थना गरे –

https://dhamma.digital

"त्यसो भए भन्ते ! भगवान बस्नु भएकोले यो स्थान दुई प्रकारका अरहन्तहरूद्वारा सेवित स्थान भयो।"

बिछाएको आसनमा बसिकन भगवान बुद्धले आयुष्मान आनन्दलाई आज्ञा भयो– "आनन्द ! पूर्वकालमा यस प्रदेशमा समृद्ध, वर्द्धित, बहुजनाकीर्ण वेहलिंग भन्ने ग्राम निगम थियो। वेहलिंग समीपैं भगवान काश्यप अर्हत् सम्यक् सम्बुद्ध विहार गर्नु भएको थियो। यहां आनन्द, भगवान काश्यपको आराम कोठा गन्धकुटी थियो। यहाँ आनन्द ! भगवान काश्यपद्वारा भिक्षु संघलाई उपदेश हुने धर्मशाला पनि थियो।"

"आनन्द ! वेहलिंग ग्राम–निगममा भगवान काश्यपको अग्र–उपस्थापक घटिकार भन्ने कुम्हाल पनि थियो। घटिकार कुम्हालको जोतिपाल भन्ने एउटा तरुण ब्राह्मण मित्र पनि थियो। अनि आनन्द ! कुम्भकारले जोतिपाललाई सम्बोधन गरेर भने– "प्रिय मित्र जोतिपाल आउ, भगवान काश्यपको दर्शन गर्न जाऔं। उनि भगवान अर्हत् सम्यक् सम्बुद्धको दर्शन गर्नु अति उत्तम हुन्छ।" तर आनन्द ! यस्तो भन्दा जोतिपालले घटिकार कुम्हाललाई जवाब दियो– "प्रिय मित्र घटिकार ! उनि मुंडक श्रमण दर्शन गर्दा के फायदा ? दोश्रो पल्ट तेश्रो पल्ट पनि घटिकार कुम्भकारले जोतिपाल माणवकलाई सम्बोधन गरेर–'आउ, जाऔं मित्र जोतिपाल ! भगवान काश्यपको दर्शन गर्नु अति उत्तम छ' भन्यो। तेश्रो पल्ट पनि आनन्द, जोतिपाल माणवकले घटिकार कुम्भकारलाई भन्यो– 'मित्र घटिकार ! उनि मुंडक श्रमणको दर्शन गर्नाले के फायदा हुन्छ।'

https://dhamma.digital

त्यसै भए मित्र जोतिपाल ! स्नानको लागि सरसामान ल्याउ । गंगाजीमा नुहाउन, आऔं ।

'हुन्छ, मित्र'– भनेर जोतिपाल माणवकले घटिकारलाई उत्तर दिए ।

आनन्द ! अनि घटिकार कुम्हाल र जोतिपाल ब्राह्मण नुहाउने सरसामान लिएर गंगामा गए ।

आनन्द ! अनि घटिकार कुम्हालले जोतिपाल ब्राह्मण-लाई भने– 'प्रिय मित्र जोतिपाल ! यहीं नजिकै भगवान काश्यपको गन्धकुटी विहार छ। आउ, जाऔं मित्र जोतिपाल ! उनको दर्शन गर्नु अति उत्तम हुन्छ ।'

आनन्द ! यसो भने पछि जोतिपाल ब्राह्मणले घटिकार कुम्हालेलाई फेरो भन्यो–"मित्र घटिकार ! मुण्डकको दर्शन गरेर के फायदा ? दोश्रो पल्ट तेश्रो पल्ट पनि त्यस्तै जवाब दिए ।

"आनन्द ! अनि घटिकार कुम्हालले जोतिपाल ब्राह्मणको छातीको कपडा समातेर भन्यो– 'प्रिय मित्र जोति-पाल ! यहीं नजिकै भगवान काश्यपको आराम कुटी छ। आउ, जाऔं मित्र जोतिपाल ! उनि भगवान सम्यक् सम्बुद्धका दर्शन बडो उत्तम हुन्छ ।"

आनन्द ! अनि जोतिपाल माणवकले कपडा छुटाउनको लागि कुम्भकारलाई भन्यो– भयो मित्र घटिकार ।

आनन्द ! अनि घटिकारले भरखर नुहाएको जोतिपालको शिरको टुप्पी समातेर यसो भने– 'मित्र जोतिपाल !

https://dhamma.digital

त्यहाँ जाने कि नजाने ? गएदेखि राम्रो हुन्छ ।

आनन्द ! अनि जोतिपाल माणवकलाई बडो आश्चर्य, बडो अद्भूत लाग्यो ! जुन मित्र घटिकार नीच जातिले नुहाई धुवाई गरेको मेरो शिरको टुप्पो सहित उखेल्न लागेको छ । टुप्पी सम्म समाति राखेको छ । यो मामुली कुरा होईन । टुप्पी उखेलियो भने म ब्राह्मण समाजबाट च्यूत हुनेछु भनि सोचेर घटिकारलाई ज्योतिपालले भने– "हुन्छ मित्र घटिकार ! उनि भगवानको दर्शन कुशल सम्मत छ भने– हुन्छ जाऔं ।" अनि मित्र घटिकारले आउ जाऔं, भनि समातेको टुप्पी छोडी दियो ।

"आनन्द ! अनि घटिकार कुम्भकार र जोतिपाल ब्राह्मण भगवान काश्यप अर्हत सम्यक् सम्बुद्ध जहाँ विहार गरिरहनु भएको थियो त्यहाँ गए । घटिकार कुम्हाले भगवान काश्यप-लाई अभिवादन गरेर एकातिर बस्यो । जोतिपाल ब्राह्मण पनि भगवान काश्यपको सन्मुखमा गई सम्मोदन गरेर एकातिर बस्यो । आनन्द ! एकातिर वस्ने घटिकारले भगवान काश्यपलाई यस्तो विन्ति गरे 'भन्ते ! यो जोतिपाल ब्राह्मण मेरो प्रिय मित्र हुन्, यसलाई भगवान बुद्धवाट धर्मोपदेश होस् । अनि आनन्द ! भगवान काश्यप घटिकार र जोति-पाललाई धार्मिक कथाद्वारा संदर्शित सम्पादित समुत्तेजित, संप्रशंसित गर्नु भयो । आनन्द ! अनि घटिकार र जोतिपाल भगवान काश्यपको धार्मिक व्याख्यानद्वारा संमुत्तेजित संप्रसं-शित भए । भगवान काश्यपको भाषणलाई अभिनन्दित अनु-

https://dhamma.digital

मोदित गरेर आसनबाट उठेर भगवान काश्यपलाई अभिवादन र प्रदक्षिणा गरेर फर्के ।

आनन्द ! अनि जोतिपाल ब्राह्मणले घटिकारसंग यसरी सोधे– "अहो मित्र घटिकार ! यस्तो धर्म सुनेर पनि हामी घरबार त्यागेर किन प्रव्रजित नहुने ?" घटिकारले भने "मित्र जोतिपाल ! तिमीले जानेका नै छौ । मलाई अन्धा आमा–बाबुको पालन पोषण गर्नु छ ?"

"त्यसो भए मित्र घटिकार ! म त घरबाट बेघर भएर प्रव्रजित हुन्छु ।"

आनन्द ! अनि घटिकार कुम्हाले र जोतिपाल ब्राह्मण जहाँ भगवान विहार गर्नु भएको थियो, त्यहाँ गए । गएर एकातिर बसे । अनि घटिकारले भगवान काश्यपसंग प्रार्थना गरे– "भन्ते ! यो जोतिपाल ब्राह्मण मेरो प्रिय मित्र हो । यसलाई भगवान प्रव्रजित गरि दिनु होस् ।"

आनन्द ! यसरी जोतिपाल माणवकले भगवान काश्यपको सम्मुख प्रव्रज्या र उपसम्पदा प्राप्त गरे ।

आनन्द ! जोतिपालको उपसम्पन्न भएको पन्ध्र दिन पछि भगवान काश्यप वेहलिंगबाट वाराणसी तिर जानु भयो । क्रमशः चारिका गर्दै जहां वाराणसी शहर हो, त्यहाँ पुग्नु भयो । आनन्द ! त्यहाँ भगवान काश्यप वाराणसी समीपको ऋषिपत्तन मृगदावनमा विहार गर्नु भयो । आनन्द ! काशी राजा किकिले सुनें– भगवान काश्यप वाराणसी आई पुगेका

https://dhamma.digital

छन् । ऋषिपत्तन मृगदावनमा विहार गरि बस्नु भएको छ । आनन्द ! अनि काशीराजा किकि उत्तमोत्तम यान ठाउँ ठाउँमा मिलाएर एउटा उत्तम रथमा स्वयं बसेर बडो राजर्षी ठाटबाटका साथ सवारी चलाएर भगवान काश्यपको दर्शनार्थ वाराणसीबाट निस्के । जति रथबाट जाने बाटो हो, त्यति गएर रथबाट ओर्लेर पैदल हिंडे । जहां भगवान काश्यप बस्नु भएको थियो, त्यहां गएर भगवान काश्यपलाई अभिवादन गरेर एक छेउ बसे । एक छेउ बस्ने काशीराजा किकिलाई धार्मिक कथावाट समुत्तेजित संप्रशंसित गरे । अनि काश्यप भगवानको व्याख्यानद्वारा अत्यन्त हर्षित भएर काशीराजा किकिले यसो भन्यो– भन्ते भगवान ! भोलिको लागि भिक्षु महासंघ सहित भगवान पनि मेरो राजदरवारमा भोजन गर्ने निमन्त्रणा गर्दछ । स्वीकार गर्नु होला । अनि भगवान काश्यपले मौनद्वारा निमन्त्रणा स्वीकार गर्नु भयो ।

आनन्द ! अनि काशीराजा किकिले भगवान काश्यपवाट निमन्त्रणा स्वीकार भएका जानिकन आसनबाट उठेर भगवानलाई अभिवादन र प्रदक्षिणा गरेर आफ्नो राजदरवार फर्के ।

आनन्द ! अनि काशीराजा किकिले त्यो रात बितेपछि आफ्नो राजदरबारमा कालिमा रहित "पंडु मुटिक" भन्ने रातो चामलको भात र अनेक प्रकारको स्वादिलो व्यंजन बनाएर बडो उत्तम खाद्यभोज्य तैयार गरे । भगवान काश्यपलाई र भिक्षु महासंघलाई भोजनको समयको सूचना दिन गए– "भन्ते ! भोजन तयार भयो ।"

https://dhamma.digital

आनन्द ! अनि पूर्वान्ह समय चीवर पहिनेर पिण्डपात्र– लिइ भिक्षु संघका साथ भगवान काश्यप जहां काशीराजा किकिको दरवार छ, त्यहाँ जानु भयो । गएर भिक्षुसंघका साथ बिछ्याई राखेको आसनमा बस्नुभयो । आनन्द ! अनि काशीराजा किकिले बुद्ध प्रमुख भिक्षु महासंघलाई आफ्नै हातले उत्तम खाद्य–भोज्य दान–प्रदान गरे ।

आनन्द ! अनि भगवान काश्यप भोजन गरेर हाथ धोए पछि राजाले तल्लो आसन लिएर एक छेउमा बसे । एक छेउ बस्ने काशीराजाले भगवान काश्यपलाई यसो प्रार्थना गरे– "भन्ते भगवान वाराणसीमा तीन महीना सम्म वर्षावास बस्नको लागि स्वीकार गर्नु होस् । यस्तै संघको पनि सेवा गर्ने छु ।"

होइन महाराज । मेरो वर्षावासको लागि ठाउँ निश्चित भइ सक्यो । तर पनि यस्तै राजाले दोश्रो र तेश्रो वार पनि प्रार्थना गरे ।

आनन्द ! भगवान काश्यपबाट वाराणसीमा वर्षावास बस्ने आग्रह स्वीकार गर्नु भएन ।

अनि काशीराजाको मनमा दु:ख र अपशोच भयो । भगवानसंग यस्तो बिन्ति गरे– "होइन भन्ते ! भगवानलाई म भन्दा असल अरू कुनै उपस्थापक पाउनु भयो कि ?"

'महाराज ! वेहलिंग भन्ने ग्राम–निगममा घटिकार कुम्हाले छ । त्यो मेरो अग्रसेवक हो । महाराज तपाईंमा

https://dhamma.digital

भगवान बुद्धबाट वाराणसी देशमा वर्षावासको लागि स्वीकार भएन भने– मनमा दुःख लाग्यो तथा खिन्नता आयो । तर त्यस्तो कुम्भकारको मनमा दुःख र सन्ताप हुँदैन । महाराज घटिकार कुह्माले बुद्ध, धर्म र संघ शरणमा गई सकेको छ । महाराज ! घटिकार कुम्हाले प्राणी हिंसाबाट, चोरीबाट, काम–मिथ्याचार-बाट, झूठा कुरा वोल्नुबाट, नशीली सुरापानबाट विरत भई बुद्ध, धर्म र संघ प्रति अत्यन्त श्रद्धा सम्पन्न भएको छ । आर्य कान्तशील ( = सुन्दर सदाचार) बाट सुसम्पन्न भएको छ । महाराज ! घटिकार कुम्हाले दुःख, दुःख समुदय, दुःख निरोध, दुःख निरोधगामिनी प्रतिपदा आर्यसत्य धर्म विषयमा कुनै आशंका नभएको उपासक हो । सधैं एक छाक खाने ब्रह्मचारी, शीलवान, कल्याणकारी, पुण्यात्मा हो । महाराज ! घटिकार कुम्हाले मणि माणिक्य सून– चाँदी आदी त्यागेर वस्दछ । महाराज ! घटिकार कुम्हाले यतिमात्र होइन उनले आफ्नो भाडाँ बनाउनको निमित्त प्राणी प्रति दयाको कारणले गर्दा भुँइमा माटो सम्म पनि खन्दैन । आफ्नो घरमा आउने जाने मूसा कुक्कुरहरूको लागि पनि भोजन बाँडेर दिन्छ । ढुकुटीमा राखेका चामल, दाल, मूग, केराउ जल्ले अति खाने इच्छा छ, खाओस् यस्मा केही उनलाई पर्वाह छैन । जंगलमा मूसा, कुक्कुर श्याल आदिले थुपारिएको माटो देवाली माटो खोजेर ल्याईकन मात्र भाँडा–कुडाहरू बनाउँछ । यस प्रकारबाट घटिकार कुम्हाले आफ्नो जीवन विताउँदछ । महाराज ! घटिकार कुम्हाले आफ्नो अन्धा आमा–बाबुको पालन पोषण

https://dhamma.digital

गर्दछ । उनका पांच अधोभागीय संयोजनहरू निर्मूल भई-सकेको छ । उनी ब्रह्मलोक गामी हो र त्यहींवाट सबै आस्रव क्षय गरी निर्वाण पाउने फेरि यो भवचक्रमा आउनु नपर्ने हो ।

"महाराज ! एक समय म वेहलिंग भन्ने ग्राम–निगममा बसिरहेको बेलामा एकदिन विहान भिक्षाको समय भए पछि चीवर पहिरी, पात्र–चीवर ग्रहण गरी घटिकार कुम्हालेका आमा–बाबु कहाँ गई मैले सोधें– "कहाँ गएको छ त्यो भग्गव (= भार्गव) ?" उनीहरूले जवाब दिए, "भन्ते ! तपाईको उपस्थापक बाहिर गई सक्यो । भान्छामा भात, तिहुन, तरकारी छ । लिइकन ज्युनार गर्नु होस् ।" महाराज अनि मैले भान्छामा गएर दाल, भात, तरकारी लिएर खाएर फर्के । जव घटिकार कुम्हाले घरमा फर्के । तब उनले आमा–वाबुहरू संग सोधे– 'आमा–बा भान्छामा भएको दाल, भात, तरकारी कसले खायो ?' उनीहरूले जवाव दिए, 'प्रिय पुत्र ! भगवान अर्हत सम्यक सम्बुद्ध आउनु भई भाँडावाट भात र दाल तरकारी लिइ खाएर जानु भयो ।" महाराज ! यो सुनी धटिकार कुम्हालले प्रफुल्लित हृदय भएर भन्यो, 'अहो भाग्य ! कत्रो मेरो भाग्य ! ! काश्यप भगवानले ममाथि यस्तो विश्वास राख्नु हुन्छ ! ! यस्तो भन्दै उनको हृदयमा प्रीति सुख उत्पन्न भयो । सो प्रीति सुख उनको मनमा दुई हप्तासम्म रहि रह्यो । त्यस्तै उनको आमा वाबुको हृदयमा पनि एक हप्ता सम्म प्रीति सुख रहि रहन्थ्यो ।

"महाराज ! एक बार फेरि म वेहलिंग ग्राम–निगमसा बसि रहेको बेलामा एक दिन भिक्षाटनको समयमा चीवर पहिरी

https://dhamma.digital

पात्र–ग्रहण गरी घटिकार कुम्हालेको आमा बाबु कहाँ गएं। त्यहाँ पुगेपछि मैले उनीहरूसंग 'कहाँ गएको हो भग्गव?' भनी सोधे। उनीहरूले भन्यो, "भन्ते ! तपाईको उपस्थापक बाहिर गइ सक्यो। त्यहाँ भांडाबाट दाल र तरकारी लिएर खानु होस्। महाराज ! अनि मैले कुलमाष र दाल अनि तरकारी लिएर खाएँ। अनि आफ्नो घरमा फर्के पछि घटिकार कुम्हालले सोधे, यहांको दाल र तरकारी कसले खायो? उनको आमा बाबुले काश्यप बुद्धले खाएर जानु भएको कुरा सुनाए।

महाराज ! यो कुरा सुनी घटिकारको मन अत्यन्त गद्–गद भयो। त्यसको यो मानसिक प्रीति सुख दुई हप्ता सम्म मनमा रहि रह्यो तथा उनका आमा बाबुको मनमा पनि एक हप्ता सम्म प्रीति रहिरह्यो।

महाराज ! एक ब्रार फेरि म वेर्हलिगमः नै बसिरहेको बेलामा मेरो गन्धकुटीमा बेस्सरी पानी चुहिन थाल्यो। महाराज ! अनि मैले भिक्षुहरूलाई भने– जाउ घटिकार कुम्हालेको घरमा कुनै घांस (= खर पराल) पातहरू छ छैन हेरेर आउ। भिक्षुहरूले उनको घरको छानाको खर बाहेक अन्त कतै खर पराल नभएको कुरा सुनाए। महाराज ! अनि मैले सोहि छानाकै खर भए पनि लिएर आऊ भनी भिक्षुहरू-लाई अन्हाए। अनि ती भिक्षुहरू घटिकार कुम्हालेको घरमा गई छानाको खर झिक्न थाल्दा घटिकार कम्हालेका अन्धा

https://dhamma.digital

आमा–बाबुले छानाको खर झिक्ने को हो ? भनी सोधे। भिक्षुहरूले भने 'भगिनी, काश्यप बुद्ध बस्ने कुटीमा वेस्सरि पानी चुहिंदै छ। त्यसैले उहाँको कुटी छाउनको लागी यो छानाको खर झिकेका छौं।" यति कुरा सुनेपछि उनीहरूले भने– 'हे भद्रमुखी हो ! लैजानु होस्। त्यस बखत घटिकारका आमा–बाबुले यो सोच्यो कि यो घटिकार कहाँ जान्छ, कहाँ जान्छ। बुद्ध भगवान बस्ने कुटीमा पानी चुहेको कुरा पनि थाहा पाउन्न कस्तो केटो रहेछ।

महाराज ! घटिकार कुम्हाले घरमा आए पछि जब उनले आफ्नो घरमा छाना नभएको देखे तब उनले आफ्ना आमा–बाहरूसंग सोध्यो 'यो छाना कसले बिगारेको हो ?' यसरी सोद्धा उनका आमा–बाबुले काश्यप सम्यक् सम्बुद्ध बस्ने कुटीमा पानी चुहिएकोले भिक्षुहरू आई छानाका खर झिकेर लगेको छ भनी भन्दा घटिकारको मनमा यस्तो आनन्द आयो कि त्यो प्रीति दुई हप्तासम्म उसको मनमा रहि रहेको थियो। आमा–बाबुको मनमा पनि एक हप्ता सम्म प्रीति रहेको थियो। महाराज ! त्यो घटिकारको घरमा छाना नभए तापनि उनको घरमा एक थोपो पनि पानी पर्दैनथ्यो। आकाश नै छाना समान भईरहेको थियो। महाराज ! यस्ता घटिकार कुम्हाले हुन् मेरो उपस्थापक ।

घटिकारको घरमा त्यस बखत तीन मास सम्म आकाश नै छाना भई रह्यो, पानी चुहेन। यस्तो कुरा सुनी आनन्द ! काशीराजा किकि घटिकार कुम्हाले प्रति प्रसन्न भएर राजाले

https://dhamma.digital

पाँच शय वटा गाडाहरूमा चामल, दाल आदि खाद्य सामान राखी उपहार पठाइदिए । अनि आनन्द । राजपुरुषहरूले घटिकार कहां लगेर यसो भने– 'प्रिय घटिकार ! यी पाँच शय वटा गाडामा चामल आदि खाद्य पदार्थ काशीराजाले तपाई कहाँ पठाएको हो । यी सबै स्वीकार गर्नु होस् । घटिकारले "राजाका धेरै कामहरू छन् , गर्नु पर्ने कर्तव्यहरू पनि धेरै छन्, अत यी उपहारहरू राजाकहाँ नै लैजाउ । मेरो निम्ति आवश्यक छैन" भनि स्वीकार गरेनन् ।

"आनन्द ! शायद तिमीलाई त्यो जोतिपाल माणवक अरू को हुन भन्ने मनमा लाग्ला । आनन्द ! अरू होइन । मनै त्यस समयको जोतिपाल माणवक थिएँ ।"

गौतम बुद्धले यसो भने पछि, आयुष्मान आनन्द सन्तुष्ट भएर भगवान बुद्धको भाषणलाई अभिनन्दन गरे ।

२०३४ साल मार्ग २४ गते

https://dhamma.digital

https://dhamma.digital

## लेखकको प्रकाशित पुस्तकहरू

१. महास्वप्न जातक (नेपाल भाषा)
२. मणिचूड जातक ,,
३. बौद्ध स्तोत्र ,,
४. त्रिरत्न गुण (नेपाली भाषा)
५. बौद्ध पद्धति ,,
६. आटानाटिय सूत्र ,,
७. निर्धनता नै पापको मूल हो ,,
८. सोह्र महास्वप्नको फल ,,
९. धर्मचक्र सूत्र ,,
१०. त्यागमय गृहस्थ जीवन ,,

Dhamma.Digital

---

मुद्रक :
शाक्य प्रेस
ओमबहाल टोल, काठमाडौं
फोन : १३६०४

https://dhamma.digital